जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक २२ २०७७ साल साउन २९ गते बिहीबार (13 Aug 2020 Thursday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**


- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वत: बदर हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : अनलाइन शिक्षालाई शैक्षिक ... ३ पृष्ठमा : हुलाकी राजमार्गमा ... ३ पृष्ठमा : न्युजिल्याण्डमा १०२ ...

# सप्तरीमा एकै दिन ३३ जनामा कोरोना पुष्टि, चिकित्सकदेखी १३ महिने बालकसम्म संक्रमित



**दैनिक समाचारदाता**
**राजविराज, २८ साउन ।**

सप्तरीमा पहिलो पटक बुधबार एकै दिन ३३ जनामा कोरोना संक्रमण देखिएको छ । योसँगै जिल्लामा कोरोना संक्रमितको संख्या ६ सय १८ पुगेको छ ।

यसअघि मंगलबार कोरोना संक्रमणबाट जिल्लाको डाक्नेश्वरी नगरपालिकाका एक ७५ वर्षिय बृद्धको मृत्यु भएको थियो ।

पछिल्लो पटक संक्रमण पुष्टि भएका मध्ये राजविराज नगरपालिकाका २९ जना छन् भने रुपनी गाउँपालिकाका चार जना रहेका छन् ।

गजेन्द्र नारायण सिंह अस्पतालको पिसिआर प्रयोगशालाबाट प्राप्त परिक्षण रिपोर्टले सोही अस्पतालका एक चिकित्सक तथा राजविराज नगरपालिका वडा नं. ६ का एक १३ महिने बालकसहित ३३ जनामा कोरोना पोजेटिभ देखिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् ।

यस्तै पोजेटिभ देखिएका मध्ये कोरोना संक्रमणबाट मृत्यु भएका व्यक्तिको परिवारका सदस्य समेत छन् । जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख यादवका अनुसार पछिल्लो परिक्षण रिपोर्टमा राजविराज नगरपालिका वडा नं. २ का ११, वडा नं. ६ का १०, वडा नं. ७ का ६, वडा नं. ८ का एक तथा गजेन्द्र नारायण सिंह अस्पतालका एक चिकित्सकसहित २९ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ ।

बुधबार एक सय ३९ जनाको स्वाब परिक्षण रिपोर्ट प्राप्त भएकोमा ३३ जनाको पोजेटिभ तथा १ सय ६ जनाको रिपोर्ट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

यता कोरोनाको जोखिम बढेपछि स्थानिय प्रशासनले गत साउन ८ देखी सप्तरीमा निषेधाज्ञा जारि गरेको छ ।

# पिकअप र मोटरसाइकल ठोकिदा एक बालिकासहित दुईको मृत्यु, दुई गम्भिर

**दैनिक समाचारदाता**
**राजविराज, २८ साउन ।**

सप्तरीमा बुधबार भएको सवारी दुर्घटनामा एक बालिकासहित दुई जनाको मृत्यु भएको छ ।

पूर्वपश्चिम राजमार्ग अन्तरगत जिल्लाको खड्क नगरपालिका ६ मा पुर्बबाट पश्चिम तर्फ जादै गरेको ना.४च. ८४८३ नं. को पिकअप र विपरीत दिशाबाट आउदै गरेको स.७प. ८९३२ न. को मोटरसाईकल एक आपसमा ठोकिदा दुर्घटना भएको प्रहरीले जनाएको छ ।

दुर्घटना पश्चात् गम्भिर घाइते भएका सोही नगरपालिका निवासी ४५ वर्षिय कासिम अन्सारी, उनकी ४० वर्षिया श्रीमती रोशना खातुन, २५ वर्षिया छोरी समसुन खातुन र ३ वर्षिया नातिनी फरना खातुन गम्भिर घाइते भएपछि रुपनीस्थित युनिक

***बाँकी अन्तिम पृष्ठमा***




# थप एक संक्रमितको मृत्यु, सप्तरीमा मृत्यु हुनेको संख्या तीन पुग्यो

**दैनिक समाचारदाता**
**राजविराज, २८ साउन ।**

सप्तरीमा मंगलबारराती एक कोरोना संक्रमितको मृत्यु भएको छ । योसँगै जिल्लामा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या तीन पुगेको छ ।

जिल्लाको डाक्नेश्वरी नगरपालिका ८ का ७५ वर्षिय बेचुलाल साहको मंगलबार राती आइसोलेशन कक्ष ल्याउने क्रममा बाटोमै मृत्यु भएको हो ।

चार दिन अघि मुटुसम्बन्धी समस्याका कारण जचाउन गजेन्द्र नारायण सिंह अस्पताल आएका उनलाई चिकित्सकले कोरोना संक्रमणको पनि आशंका गरेर स्वाब संकलन गराई सुरक्षित रुपमा घरमै बस्न सल्लाह दिई पठाएका थिए ।

राजविराज वडा नं. ६ सिरहा रोडस्थित घर समेत रहेको साहलाई मंगलबार साँझ कोरोना संक्रमणको पुष्टि भएको रिपोर्ट आएलगत्तै घरबाट लिन तत्काले अस्पतालले एम्बुलेन्स पठाइएको थियो । उनलाई राजविराजस्थित साईकृष्णा मेडिकल कलेजमा निर्माण गरिएको आइसोलेशनमा राख्नका लागि एम्बुलेन्समा ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको अस्पतालका प्रमुख डा. रन्जित झाले जानकारी दिए ।

यता बुधबार बिहान मृतक साहको राजविराज ६ स्थित घर सिल गरिएको छ भने परिवारका सबै सदस्यको स्वाब संकलन गरि परिक्षणका लागि पठाइएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् ।

यसअघि असार ३१ गते राजविराज नगरपालिका ६ का ७२ वर्षिय रामकृष्ण दास तथा साउन २१ गते रुपनी गाउँपालिकाका ४५ वर्षिय बिन्देश्वर साहको कोरोना कै कारण मृत्यु भएको थियो ।

बुधबारसम्ममा जिल्लामा कोरोना संक्रमितको कुल संख्या ५ सय ८५ पुगेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

जनज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

# देशका विभिन्न स्थानमा भएको युरेनियम पदार्थ व्यवस्थित गर्न विज्ञको माग

काठमाडौँ, २८ साउन (रासस)।

मुस्ताङ, चुरेलगायत क्षेत्रमा युरेनियम भए पनि त्यसलाई व्यवस्थित गर्न सरोकार भएका निकायको ध्यान जान नसकेकामा विज्ञहरूले सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

नेपाल रसिया साइन्स सोसाइटीको आयोजना तथा नेपाल एस्ट्रोनोमिकल सोसाइटीको संयोजनमा आयोजित 'आणविक विज्ञान र समाज' विषयक भर्चुअल अन्तरक्रिया कार्यक्रममा नेपाल न्युक्लियर सोसाइटीका अध्यक्ष डा कमलकृष्ण श्रेष्ठ, नेपाल विज्ञान तथा प्रज्ञा प्रतिष्ठानका वरिष्ठ वैज्ञानिक डा बुद्धराम साह, विज्ञान शिक्षक समाजका केन्द्रीय अध्यक्ष खिलकुमार प्रधान, त्रिभुवन विश्व विद्यालय व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन केन्द्रका प्रा डा निलम श्रेष्ठ प्रधान तथा नेपाल काउन्सिल अफ वर्ल्ड अफेयर्सका अध्यक्ष हेमन्त खरेलले युनियमको उत्खनन गरी व्यवस्थित प्रयोग गरिनुपर्नेमा जोड दिनुभयो।

चिकित्सा विज्ञान अध्ययन संस्थान शिक्षण अस्पतालका वरिष्ठ रेडियोलोजिस्ट डा उमेशप्रसाद खनालले स्वास्थ्य संस्थामा रेडियोलोजी विभागमा काम गर्नेहरू जोखिममा रहेको बताउनुभयो। एक्स रे, भिडियो एक्स रे र सिटिस्क्यान जस्ता यन्त्रको प्रयोग गर्दा अपनाइएको विधिका बारेमा अध्ययन गरिनुपर्ने उहाँको भनाइ थियो।

रसिया साइन्स सोसाइटीका अध्यक्ष एवं पूर्वमन्त्री गणेश साहले रेडियोधर्मी पदार्थलाई व्यवस्थित गर्ने विषय गहन भए पनि नेपालमा यस विषयमा गहन छलफल हुन नसकेकाले आरम्भ गरिएको बताउनुभयो। आफू विज्ञानमन्त्री भएका बेला सन् २००८ मा संयुक्त राष्ट्र सङ्घअन्तर्गत रहेको इन्टरनेशनल एटोमिक इनर्जी एजेन्सी सदस्य भएर विश्व समुदायसँग जोडिएको उहाँले जानकारी दिनुभयो।

सन् १९४५ को अगस्ट ६ र ९ मा जापानका दुई शहर हिरोसिमा तथा नागासाकीमा भएको आणविक बम बिस्फोटबाट भएको जनधनको सम्झनामा आयोजित कार्यक्रममा विज्ञान शिक्षक समाज तर नेपाल साइन्स ओलम्पियाडको समेत सहकार्य एवं नेपाल रिसर्च एन्ड एजुकेसन नेटवर्कको प्राविधिक सहयोग रहेको सोसाइटीका महासचिव सुरेश भट्टराईले जानकारी दिनुभयो। जापानका ती शहरमा आणविक बम आक्रमणपछि मानव, वनस्पतिको जीवन दुर्लभ भएकाले आणविक पदार्थलाई व्यवस्थित गरिनुपर्ने विज्ञको भनाइ थियो।

विश्वमा आणविक विज्ञानमा लगानी बढे पनि नेपालको ध्यान जान नसकेको, हालै रेडियोधर्मी पदार्थलाई व्यवस्थित गर्ने सम्बन्धी कानून बने पनि यसबाट हुने क्षतिका बारेमा पर्याप्त जानकारी नरहेकामा विज्ञहरूले जोड दिनुभएको थियो। विद्यालय तथा विश्वविद्यालय तहमा आणविक विज्ञानसम्बन्धी पाठ्यपुस्तक र पाठ्यक्रम वा पाठ्यांशसमेत पर्याप्त नभएको उहाँहरूको भनाइ थियो।

*बाँकी तीन पृष्ठमा*

# अनलाइन शिक्षालाई शैक्षिक सत्रमा गणनाको गृहकार्य

काठमाडौँ, २८ साउन (रासस)।

कोभिड-१९ का कारण प्रभावित यस वर्षको विद्यार्थी भर्ना र नियमित कक्षा सञ्चालन हुन नसकेका बेला शैक्षिक सत्र खेर जान नदिने गरी गृहकार्य शुरु गरिएको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सम्बन्धित निकायलाई उक्त गृहकार्य गर्न निर्देशन दिएपछि गत असार १ गतेदेखि जारी रहेको वैकल्पिक प्रणालीको सिकाइ निरन्तरतालाई नै चालू शैक्षिक सत्रमा गणना गर्ने तयारी भएको हो। पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को बुधबारको बैठकमा शिक्षा विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले कोभिड-१९ का कारण क्षति भएको शैक्षिक सत्रका बारेमा सबै विकल्पका बारेमा गृहकार्य गर्न पाठ्यक्रम विकास केन्द्रलाई निर्देशन दिनुभएको छ।

बन्दाबन्दी हटेपछि आगामी भदौ १ गतेदेखि विद्यार्थी भर्ना र त्यसको करीब दुई सातापछि विद्यालय खोल्ने तयारी गरेको सरकारले कोरोना भाइरसको जोखिममा झन् बढ्दो भएपछि हाल सञ्चालित अनलाइनलगायत वैकल्पिक माध्यमको पढाइलाई मान्यता दिने विकल्पलाई रोज्न लागिएको हो तर मुलुकका सबै भूभागमा अनलाइन वा दूर शिक्षाको पहुँच नहुने भएकाले वैकल्पिक प्रणाली प्रभावकारी नभएकाले स्वास्थ्य जोखिम नभएका स्थानमा स्थानीय तह र विद्यालय व्यवस्थापन समितिले निर्णय गरेर क्रमशः विद्यालय पुनः सञ्चालन गर्न सकिने प्रस्ताव पनि आएको छ।

हाल विद्यालय तहमा कक्षा १२ सम्म करीब ३५ हजार विद्यालय र ८० लाख विद्यार्थी छन्। विद्यालय शिक्षामा पठनपाठनसम्बन्धी पाठ्यक्रम प्रारूप २०७६ मा प्रारम्भिक बालविकासमा ५७६ कार्यघण्टा र १८ पाठ्यघण्टा, कक्षा १ देखि ३ सम्ममा ८३२ कार्यघण्टा २६ पाठ्यघण्टा, कक्षा ४ देखि १० सम्म एक हजार २४ कार्यघण्टा ३२ पाठ्यघण्टा पढनुपर्ने व्यवस्था छ। उक्त व्यवस्थामा संशोधन या अन्य आवश्यक गृहकार्यका लागि बुधबारको बैठकले परिषद्लाई कार्यादेश दिएको छ।

केन्द्रका महानिर्देशक केशव दाहालले निर्देशन प्राप्त भएकाले विज्ञ र आफ्ना सम्बन्धित विभागसँग परामर्श गरी एक साताभित्र विकल्पसहितको सुझाव प्रस्तुत गर्ने राससलाई बताउनुभयो। उहाँले हाल सञ्चालित वैकल्पिक प्रणालीको आरम्भकालदेखिको सिकाइ निरन्तरतालाई जोडेर चालू शैक्षिक सत्रमा समावेश गर्नुपर्ने देखिएको पनि उल्लेख गर्नुभयो। शिक्षा मन्त्रालयले शैक्षिक सत्रको समय खेर लान नदिन सहसचिव एवं प्रवक्ता दीपक शर्मा नेतृत्वको कार्यदल पनि गठन गरेको छ।

नेपाल सरकार, मन्त्रिपरिषद्को यही साउन ५ गतेको बैठकले स्वीकृत जनस्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने गरी आगामी भदौ १ गतेदेखि विद्यार्थी भर्ना, शैक्षिक र अन्य परीक्षा सञ्चालन गर्ने निर्णय गरेकामा जोखिम बढेको स्थितिमा मन्त्रिपरिषद्को साउन २६ गतेको बैठकबाट भदौ १ को सट्टा भदौ १६ गतेबाट भन्ने गरी संशोधन भएको सरकारका प्रवक्ता अर्थ र सञ्चार तथा सूचना प्रविधिमन्त्री डा युवराज खतिवडाले मङ्गलबार जानकारी दिनुभएको थियो।

सरकारले यसअघि शैक्षिकसत्रको अवधि खेर जान नदिने गरी भर्ना शुरु गर्ने र त्यसको करीब विद्यालय सञ्चालनको तयारीका लागि शिक्षकलाई सम्बन्धित विद्यालयमा पुग्न निर्देशन दिएकाले शिक्षक विद्यालयमा पुगिसकेका थिए।

शिक्षा मन्त्रालयले गत जेठ १८ गते जारी गरेको 'वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७' मा रेडियो, एफ रेडियो, टेलिभिजन, अनलाइन, स्वअध्ययन तथा अफलाइनका माध्यमबाट सिकाउन जारी गरी असार १ गतेदेखि अनिवार्य कार्यान्वयन गर्नुपर्ने उल्लेख थियो।

कोरोना भइरसले फैलन थालेपछि गत चैत ५ गते पनि शिक्षा मन्त्रालयले माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (एसइई) सञ्चालनको सबै तयारी पूरा गरेका बेला कोरोना रोकथाम उच्चस्तरीय समन्वय समितिले परीक्षालगायत सबै शिक्षालय बन्दको निर्णय गरेको थियो।

मन्त्रालयले दुई साताअघि कोभिड-१९ का कारण बन्द रहेका विद्यालयका शैक्षिक क्रियाकलापमा सहजीकरण गर्नेबारे जनस्वास्थ्य र सुरक्षाका मापदण्ड पालना हुने गरी विद्यालयका शैक्षिक क्रियाकलाप सञ्चालनार्थ सहजीकरणका लागि तयारी रहन आग्रह गरेको थियो।

शैक्षिक सत्र २०७६ को नतिजा प्रकाशन गर्न बाँकी रहेको भए नतिजा प्रकाशन गर्ने, २०७७ भदौ १ गतेदेखि नयाँ विद्यार्थी भर्ना गर्ने र कक्षागत रूपमा विद्यार्थीको सङ्ख्यात्मक विवरण यकिन गर्ने, भर्ना भएका विद्यार्थीको शैक्षिक तथ्याङ्क भराउने, नयाँ शैक्षिक सत्रमा अध्ययन गर्ने विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध गराउन बाँकी भए उपलब्ध गराउने, विद्यालयको शैक्षिक क्रियाकलाप सञ्चालनार्थ विद्यालय शिक्षक विद्यालय पुगिसक्ने व्यवस्था मिलाउने र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय पुनःसञ्चालनसम्बन्धी कार्यढाँचा जारी गर्ने तय गरेको थियो।

यसैगरी विद्यालय भवन तथा परिसरमा क्वारेन्टिन र आइसोलेसनसम्बन्धी कार्य सञ्चालन नगर्ने, क्वारेन्टिन र आइसोलेसनका रूपमा प्रयोग हुन छाडेका विद्यालय भवनलाई तोकिएको मापदण्डबमोजिम स्थानीय तहले निर्मलीकरण गरी अध्ययनअध्यापन गर्न योग्य बनाउने, विद्यालय र विद्यालय परिसरभित्र तथा विद्यार्थी आवागमनमा प्रतिकूल असर पर्ने गरी वा विद्यालय क्षेत्रको निकट हुने गरी कोभिड-१९ रोकथाम र नियन्त्रणसम्बन्धी संरचना नराख्ने निर्णय गरिएको थियो।

वैकल्पिक सिकाइलाई शैक्षिक सत्रमा हालसम्म गणना नगरिएकाले निजी तथा आवासीय विद्यालयले शुल्क तोक्न र उठाउन नपाइएको गुनासो पनि गर्दै आएका थिए।

# पत्रकार बानियाँ मृत फेला

काठमाडौँ, २८ साउन (रासस)।

दुई दिनदेखि सम्पर्कविहीन 'कान्तिपुर' दैनिकका सहायक सम्पादक बलराम बानियाँको शव मकवानपुरमा फेला परेको छ। भीमफेदी गाउँपालिकाको सिस्नेरीस्थित माण्डु जलविद्युत् आयोजनाको फिल्टरको जालीमा अड्किएका अवस्थामा शव फेला परेको महानगरीय अपराध नियन्त्रण महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक दीपक थापाले जानकारी दिनुभयो।

मङ्गलबार बिहानै शव फेला परेको थियो। पानी परिरहेको र जालीमा अड्किएकाले प्रहरीलाई शव निकाल्न समेत निकै मुश्किल भएको थियो। साँझ मात्रै शव निकालेर राति परीक्षणका लागि हेटौँडा अस्पतालमा लगिएको मकवानपुरका प्रहरी उपरीक्षक सुशीलसिंह राठौरले जानकारी दिनुभयो। बुधबार मात्रै शवको सनाखत भएको बताइएको छ।

पत्रकार बानियाँ पहिले लामो समय 'कान्तिपुर' दैनिकमा काम गरी बीचमा 'नागरिक' दैनिकमा केही समय जानुभएको थियो। त्यसपछि पुनः फर्किएर कान्तिपुरमा कार्यरत हुनुहुन्थ्यो।

एसएसपी थापाका अनुसार यही साउन २६ गते बल्खुस्थित खोलामा चिप्लिएर लडेपछि उहाँ बेपत्ता हुनुभएको थियो। पानीको बहाब बढी भएकाले उद्धार प्रयास सफल हुन सकेन। तत्कालीन समयमा उहाँको पहिचान हुन सकेको थिएन।

प्रहरीमा प्राप्त विवरणअनुसार सोमबार अपराह्न ३ बजे पत्रकार बानियाँ बल्खुमा हिँडिरहेका अवस्थामा देखिनुभएको थियो। सोमबार ३:२३ बजेको सिसी क्यामेरा फुटेजमा उहाँ हल्लिएर हिँड्दै गरेको देखिएको प्रहरीले जनाएको छ।

कोभिड-१९ को जोखिमका समयमा मास्क नलगाई हिँडेको देखेपछि त्यसबेला प्रहरीले कहाँ जान लागेको भनेर सोधखोजसमेत गरेको थियो। पत्रकार बानियाँले तीनकुनेस्थित घर जान लागेको भनी जवाफ फर्काउनुभएको थियो। प्रहरीले राम्ररी सुरक्षित भएर घर जानसमेत सुझाएका थिए तर उहाँ माथि लाग्नुपर्नेमा खोलातिर लागेको स्थानीयवासीको भनाइ उद्धृत गर्दै प्रहरीले जनाएको छ।

"स्थानीयवासीले खोला छ, तल नजानुहोस् भन्दाभन्दै उहाँ थाहा छ भन्दै खोलातर्फ जानु भएछ", महाशाखा प्रमुख थापाले राससँग भन्नुभयो, जाँदाजाँदै चिप्लिएर लड्नुभएछ।" उक्त घटना सोमबार अपराह्न १५:४५ बजेतिरको हो। त्यसपछि तत्कालै नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाले समेत खोजी गर्दा फेला पार्न सकेनन्। घटनास्थलमा जुत्ता भने फेला परेको थियो।

खोला किनारमा भेटिएको जुत्ता भने छोरीले पहिचान गरेको महानगरीय प्रहरी परिसरका प्रमुख एसएसपी श्यामलाल ज्ञवालीले जानकारी दिनुभयो। छोरी सुस्मिताले सिसी टिभी फुटेज हेरेपछि बानियाँलाई नदीले बगाएको पहिचान खुलेको थियो।

पत्रकार बानियाँ घरबाट भने साउन २५ गते नै निस्किनुभएको महाशाखाले जनाएको छ। त्यस दिन उहाँ काठमाडौँको ढुङ्गेअड्डास्थित तीनधानामा रहेको आफन्तकहाँ बसेको खुलेको छ। त्यहाँबाट भोलिपल्ट अपराह्न साढे १२ बजे उहाँ हिँड्नुभएको थियो। त्यसदिन अपराह्न १ बजे कलङ्कीबाट मोबाइल अफ भएको पाइएको छ।

मङ्गलबार परिवारबाट महाशाखामा खोजतलासका लागि निवेदन परेपछि मात्रै महाशाखाले उहाँलाई नै वाग्मतीले बगाएको भन्ने यकिन गरेको थियो। खोला किनारमा पुगेपछि जुत्ता अड्किएको र मान्छे खोलामा खसेको प्रत्यक्षदर्शीले बताएका छन्। तत्कालै स्थानीय तथा प्रहरीले उद्धार प्रयास गरे पनि सफल हुन सकेन।

# पत्रकार बानियाँको निधनप्रति महासंघद्वारा दुःख व्यक्त

काठमाडौँ, २८ साउन (रासस)।

नेपाल पत्रकार महासङ्घका पूर्वकेन्द्रीय सचिव बलराम बानियाँको निधनप्रति महासङ्घले दुःख व्यक्त गरेको छ। 'पत्रकार बानियाँले पत्रकारिता क्षेत्रमार्फत लोकतन्त्र, मानव अधिकार, विधिको शासन, प्रेस स्वतन्त्रता, पत्रकार सुरक्षा तथा नागरिक अधिकारको पक्षमा पुऱ्याउनु भएको अतुलनीय योगदानको उच्च कदर गर्दै महासङ्घ दिवङ्गत बानियाँप्रति भावपूर्ण श्रद्धाञ्जलि व्यक्त गर्दछ', महासङ्घद्वारा बुधबार जारी विज्ञप्तिमा भनिएको छ।

विगत तीन दशकदेखि नेपाली पत्रकारिता जगत्मा महत्वपूर्ण योगदान पुऱ्याउनुभएका बानियाँ पछिल्लो समय कान्तिपुर

*बाँकी तीन पृष्ठमा*


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# हुलाकी राजमार्गमा लक्ष्यभन्दा १५८ किमी कममा मात्रै कालोपत्र

काठमाडौँ, २८ साउन (रासस)।

राष्ट्रिय गौरवको हुलाकी राजमार्गमा गत आर्थिक वर्षमा लक्ष्यभन्दा १५८ किलोमिटर कम सडक मात्रै कालोपत्र भएको छ। आयोजनाले ३५० किमी सडक कालोपत्र गर्ने लक्ष्य लिएको थियो। तराई मधेशको समृद्धिसँग जोडेर हेर्ने गरिएको सो आयोजनामा कोभिड-१९ का कारण अपेक्षित रूपमा निर्माण हुन नसकेकाले भौतिक प्रगति कम देखिएको छ।

सो आयोजनअन्तर्गत नै १०३ किमी सडक ग्राभेल भएको छ भने आठ पुल निर्माण सम्पन्न भएका थिए। विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ नेपालमा फैलिन थालेसँगै निर्माणको काम गर्न गाह्रो भएको आयोजना प्रमुख रोहितकुमार बिसुरालले बताउनुभयो। बन्दाबन्दीको समयमा पनि निर्माणलाई निरन्तरता दिने सरकारले निर्णय गरेसँगै जिल्ला प्रशासन कार्यालयरुले पास उपलब्ध गराएका थिए। आयोजनाले माग गरेभन्दा कम मात्रै पास दिँदा निर्माण सामग्री र जनशक्ति दुबैलाई निर्माणस्थल पुर्‍याउन गाह्रो भएको थियो। उहाँले भन्नुभयो, "यस्तो समयमा पनि सकेसम्म काम भइरहेको थियो।"

आयोजनाले लक्ष्य लिएकोभन्दा तीन गुणा कम मात्रै पुल निर्माण सम्पन्न भएका थिए। गत आवमा २५ पुल सम्पन्न गर्ने लक्ष्य लिइएकामा आठ मात्रै सम्पन्न भए। कतिपय स्थानमा चैत अघिसम्म निर्माण भइरहेका पुल पनि बन्दाबन्दीका कारण निर्माण अघि बढाउन नसकिएको प्रमुख बिसुरालले बताउनुभयो। उहाँले भन्नुभयो, "पहिले फर्मा लगाइएका पुलमा पनि त्यो हटाएर निर्माण रोकिएको थियो।"

आयोजनाले निर्माणको काम लक्ष्यभन्दा कम भएपछि सडक विभागलाई झण्डै रु चार अर्ब फिर्ता गरेको थियो। आगामी आवमा २०० किमी सडक कालोपत्रको योजना बनाइएको छ। कोभिड-१९ को सङ्क्रमण अझै रहेकाले र चालू आवमा सो आयोजनामा बजेट कम भएकाले गत आवभन्दा थोरै कालोपत्रको योजना बनाइएको हो। कोभिड नेपालमा देखिएदेखि अहिलेसम्म नै आयोजनाको निर्माण भइरहेका विभिन्न जिल्ला र त्यहाँका पालिका सिल भइरहेका थिए।

राजमार्गको जम्मा लम्बाइ ९७५ किमी रहेकामा अहिलेसम्म ५१२ किमी सडक कालोपत्र ९३ पुल सम्पन्न भइसकेका आयोजनाले जनाएको छ। तराईका धेरै जिल्लामा निर्माण सम्पन्न भइसकेका र निर्माणाधीन सडक प्रयोगमा आइसकेका छन्। आयोजनाअन्तर्गत नयाँ ट्र्याक खोल्नेभन्दा स्थानीय सडकका रूपमा रहेकालाई राजमार्गका रूपमा स्तरोन्नतिको काम भइरहेको छ। सडकको अधिकार क्षेत्र ३० मिटर भए पनि अहिले २२ मिटर चौडाइ कायम गरिएको प्रमुख बिसुरालले बताउनुभयो। उहाँले भन्नुभयो, "कतिपय बस्ती भएका ठाउँबाहेक अधिकांश स्थानमा २२ मिटर चौडाइ कायम भइरहेको छ।"

निकुञ्ज क्षेत्र र जङ्गल क्षेत्रबाहेक अधिकांश स्थानमा सडक निर्माण अघि बढिरहेको आयोजनाले जनाएको छ। निकुञ्ज क्षेत्र र जङ्गल क्षेत्रमा सडक निर्माण गर्ने प्रक्रियामा लामो समय लाग्ने भएकाले त्यसको विकल्पमा समेत छलफल भइरहेको छ। सो क्षेत्रमा 'एलाइनमेन्ट' परिवर्तनका विषय पनि अघि बढेको जनाइएको छ। पहाडी क्षेत्रको पूर्वदेखि पश्चिमसम्म जाने मध्यपहाडी राजमार्गले ठाउँठाउँमा नयाँ बस्ती निर्माण गर्ने भए पनि सो आयोजनाले पुराना बस्ती हुँदै अघि बढ्छ।

राणा शासनमा चिट्ठी आदानप्रदान गर्ने हुलाकी सडकको अवधारणाको विकास भएको थियो। सो आयोजनाको उद्देश्य तराई-मधेशमा रहेका जनतालाई यातायात सर्वसुलभ र सहज बनाउनेसँगै यस क्षेत्रका शिक्षा, स्वास्थ्य, कृषि, व्यापारलगायतको विकास गर्ने रहेको छ।

प्रतिनिधिसभा, विकास तथा प्रविधि समितिले गत मङ्सिरमा धनुषा र महोत्तरीका राजमार्गअन्तर्गत सडक अनुगमनसमेत गरेको थियो। समितिले सरकारले सडकमा माटो कटान अनियमितरूपमा भइरहेको हुनसक्ने भन्दै प्राविधिकसहितको छानबिन समिति बनाउनुपर्ने सुझाव दिएको थियो। समितिले जनताका सुझाव र त्यहाँका आवश्यकतानुसार कल्भर्ट थप गर्नुपर्ने र सडकको सुरक्षाका लागि 'रिटेनिङ वाल' लगाउनुपर्नेसमेत सुझाव दिएको थियो। जलेश्वर-पिपरा, सोहर्वा-पर्सा-पकौली र भिट्ठामोडमा छ लेनमा निर्माण गर्नुपर्ने पनि समितिको सुझाव छ।

सरकारले आव ०७९/८० सम्ममा सडक निर्माण गरिसक्ने लक्ष्य लिएको छ। आयोजनाको संशोधित बजेट रु ६१ अर्ब रहेको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आयोजना निर्धारित समयमै सम्पन्न हुने बताउँदै आएको छ। केही समयपहिले राष्ट्रियसभा, राष्ट्रिय सरोकार समितिको बैठकमा सचिव देवेन्द्र कार्कीले निर्धारित समयभन्दा एक वर्ष पनि ढिला नहुने बताउनुभएको थियो। मन्त्रालयले राष्ट्रिय गौरवको यो आयोजनासँगै मध्यपहाडी लोकमार्ग आगामी तीन वर्षमा सम्पन्न गर्ने लक्ष्य लिएको छ।

## प्रेस प्रतिनिधि प्रमाणपत्र जारी तथा नवीकरण स्थगित

काठमाडौँ, २८ साउन (रासस)।

सूचना तथा प्रसारण विभागले प्रेस प्रतिनिधि प्रमाणपत्र जारी तथा नवीकरण कार्य तत्कालका लागि स्थगित गरेको छ। विभागले बुधबार प्रेस विज्ञप्ति जारी गरी कोभिड-१९ को बढ्दो जोखिमका कारण अर्को सूचना नभएसम्मका लागि स्थगित गरेको जनाएको हो।

'प्रेस प्रतिनिधि प्रमाणपत्र जारी वा नवीकरण गर्दा सम्बन्धित व्यक्ति नै विभागमा उपस्थित हुनुपर्ने कानूनी व्यवस्था भएको र सो सेवा अनलाइन, भर्चुअल वा विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न तत्काल सम्भव नभएको हुँदा हाललाई स्थगित गरिएको छ', विज्ञप्तिमा भनिएको छ।

विभागले श्रमजीवी पत्रकारले प्रेस रजिष्ट्रारसमक्ष दिने उजुरी र सोसम्बन्धी कामलाई भने निरन्तरता दिने भएको छ।

### *देशका विभिन्न ...*

आणविक विज्ञानसम्बन्धी अनुसन्धान तथा व्यावसायिक गतिविधिमा नेपालको संलग्नता र यसले नेपाली समाजको आर्थिक, सामाजिक विकासमा पर्ने सकारात्मक प्रभावको बारेमा विज्ञहरूले प्रकाश पार्नुभएको थियो।

### *पत्रकार बानियाँको ...*

राष्ट्रिय दैनिकको सहायक सम्पादकका रूपमा कार्यरत हुनुहुन्थ्यो। यही २०७७ साल साउन २६ गते दिउँसोदेखि काठमाडौँबाट सम्पर्कविहीन रहनुभएका बानियाँको शव मकवानपुरको सिस्नेरीस्थित माण्डुजलविद्युत् आयोजना स्थलमा बुधबार भेटिएको नेपाल प्रहरीले जानकारी दिएको छ। महासङ्घले बानियाँको रहस्यमय ढङ्गले भएको निधनबारे गहिरो छानविन गरी सत्यतथ्य सार्वजनिक गर्न सरकारसँग मागसमेत गरेको छ। साथै महासङ्घले शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदनासमेत व्यक्त गरेको छ।

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**

**शाखा : सिंहदरबार परिसर**

**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**

**खाता नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## विश्व समाचार

### न्युजिल्याण्डमा १०२ दिनपछि फेरी भेटिए कोरोना संक्रमित

वेलिङ्टन, २८ साउन (रासस/एएनआई)।

कोरोना सङ्क्रमणमुक्त भनेर घोषणा गरिएको न्युजिल्याण्डमा १०२ दिनपछि फेरि सङ्क्रमित भेटिएका छन्।

सरकारी अधिकारीले चार जना नयाँ सङ्क्रमित भेटिएको पुष्टि गरेका छन् तर उनीहरु समुदायबाट सङ्क्रमित नभएको पनि स्पष्ट पारेका छन्।

अमेरिकाबाट प्रकाशित हुँदै आएको वासिङ्टन पोष्टले न्युजिल्याण्डकी प्रधानमन्त्री जासिन्डा अर्डेर्नलाई उद्धृत गर्दै समाचार लेखेको छ।

समाचारमा प्रधानमन्त्री जासिन्डाले कोरोनाको सङ्क्रमण फैलिन नदिनका लाग मुलुकमा फेरि प्रतिबन्धात्मक व्यवस्था लागु गर्न लाग्नु भएको उल्लेख छ।

उहाँले सबैलाई घरमै बस्न र मास्क लगाउने, सामाजिक दुरी कायम गर्नेलगायतका आधारभूत सतर्कता अपनाउन आग्रह गर्नुभएको छ।

अहिले सङ्क्रमित भएकामध्ये पहिलो सङ्क्रमित झण्डै ५० वर्षका रहेका र उनको अन्तरराष्ट्रिय यात्राको विवरण नरहेको अधिकारीले जनाएका छन्। त्यसपछि परिवारका सबै सदस्यको परीक्षण गर्दा तीनै जनामा सङ्क्रमण देखिएको थियो।

प्रधानमन्त्री जासिन्डाले कोरोनाका विरुद्धमा सबैजना फेरि एक पटक एकजुट भएर लड्ने र परास्त गरिछाड्ने बताउनुभएको छ।

### कोरोना अपडेटः विश्वभर कोरोना संक्रमित दुई करोड बढी, सात लाख ४६ हजारको मृत्यु

पेरिस, २८ साउन (रासस/एएफपी)।

महामारीका रुपमा फैलिएको कोरोनाभाइरसबाट विश्वभर दुई करोडभन्दा बढी मानिस सङ्क्रमित भएका छन्। विश्व स्वास्थ्य संगठनका अनुसार बुधबार दिउँसोसम्म कोरोनाभाइरसको सङ्क्रमणबाट विश्वभर सात लाख ४६ हजारको मृत्यु भएको छ।

स्वास्थ्य अधिकारीका अनुसार कोरोनाभाइरसको सङ्क्रमण सबैभन्दा बढी देखिएका मुलुकमा संयुक्तराज्य अमेरिका, ब्राजिल, मेक्सिको, भारत र रसियासमेतका मुलुक रहेका छन्।

संयुक्तराज्य अमेरिकामा ५३ लाखभन्दा बढी मानिस सङ्क्रमित भएका छन् भने ब्राजिलमा ३१ लाख, भारतमा २३ लाख, रसियामा नौ लाख, दक्षिण अफ्रिकामा पाँच लाख ६६ हजार, मेक्सिकोमा चार लाख ९२ हजार, पेरुमा चार लाख ८९ हजार तथा कोलम्बियामा चार लाख १० हजार सङ्क्रमित छन्।

कोरोनाभाइरसको सङ्क्रमणबाट मृत्यु भएका नागरिक पनि संयुक्तराज्य अमेरिकामा सबैभन्दा बढी छन्। पछिल्लो विवरण अनुसार अमेरिकामा हालसम्म एक लाख ६७ हजार, ब्राजिलमा एक लाख तीन हजार, भारतमा ४६ हजार, रसियामा १५ हजार, मेक्सिकोमा ५४ हजार, दक्षिण अफ्रिकामा १० हजार, पेरुमा २१ हजारको मृत्यु भइसकेको छ।

युरोपेली मुलुकमा पछिल्ला दिनमा भाइरस सङ्क्रमणबाट मृत्यु हुनेको संख्यामा कमी आएको छ। यद्यपी युरोप महादेशमा कूल सङ्क्रमितमध्ये दुई लाख सात हजारको मृत्यु भइसकेको छ।

भाइरस फैलिनेक्रम तीब्र रहेको दक्षिण अमेरिकी महादेशमा हालसम्म एक लाख ६३ हजार, एसियामा एक लाख १३ हजार, उत्तर अमेरिकामा दुई लाख ३८ हजार, अफ्रिकामा २४ हजारको ज्यान गएको छ।

### डेमोक्रयाटका तर्फबाट कमला ह्यारीस उपराष्ट्रपतिको उम्मेदवार

वासिङ्टन, २८ साउन (रासस/सिन्ह्वा/एएनआई)।

अमेरिकाको उपराष्ट्रपति पदका लागि डेमोक्रयाट पार्टीका तर्फबाट सिनेटर कमला ह्यारिसलाई उम्मेदबार बनाइने भएको छ।

डेमोक्रयाटिक पार्टीका तर्फबाट राष्ट्रपतिका उम्मेदवार जो बाइडेनले ह्यारिसलाई उम्मेदवार बनाउने घोषणा मंगलबार गर्नुभएको हो।

सामाजिक सञ्जाल ट्वीटरमा उहाँले लेख्नुभएको छ, "निडर लडाकूका रुपमा रहेकी र देशको सेवाका लागि सधैँ क्रियाशील रहनु भएकी ह्यारिसलाई उपराष्ट्रपतिको उम्मेदवार बनाइने भएको छ।"

सन् २०१६ मा भएको निर्वाचनमा ५५ वर्षीया ह्यारिस अमेरिकाको माथिल्लो सदन सिनेटमा निर्वाचित हुनुभएको थियो। अफ्रिकी अमेरिकी महिला माथिल्लो सदनमा निर्वाचित भएका मध्ये उहाँ दोस्रो हुनुहुन्थ्यो।

त्यस अगाडि उहाँ क्यालिफोर्नियाको महान्यायाधिवक्ताका रुपमा कार्यरत हुनुहुन्थ्यो। बाइडेनले छनौट गरेसँगै उहाँ अमेरिकी इतिहासमा उपराष्ट्रपतिका लागि प्रतिस्पर्धा गर्ने तेस्रो महिला हुनुहुने भएको छ।

यसअघि डेमोक्रयाटको तर्फबाट गेराल्डीन फेर्रारो सन् १९८४ मा उपराष्ट्रपतिको उम्मेदवार हुनुभएको थियो भने त्यसपछि सन् २००८ मा रिपब्लीकनका तर्फबाट सराह पालिन उपराष्ट्रपतिका लागि चुनावी मैदानमा उत्रिनु भएको थियो।

बाइडेनले ह्यारिस जस्तो प्रभावशाली, क्षमतावान र प्रतिबद्ध नेतृलाई उपराष्ट्रपतिको उम्मेदवार बनाउन पाउँदा निकै गौरब र खुशी लागेको बताउनुभएको छ। बाइडेनले ह्यारिस क्यालिफोर्नियाको महान्यायाधिवक्ता हुँदा आफ्नो दिवङ्गत छोरासँग मिलेर काम गरेको पनि सम्झना गर्नुभएको छ।

भारतीयमूलकी ह्यारिसकी आमा भारतमा जन्मिनु भएको हो भने बुबा जमैकामा जन्मिनु भएको हो। अमेरिकामा अहिलेसम्म अश्वेत महिलाले उपराष्ट्रपति पदमा उम्मेदवारको टिकट पाएका छैनन् भने अहिलेसम्म महिला राष्ट्रपति चुनिन पनि सकेका छैनन्। यसअघि राष्ट्रपतिकै उम्मेदवार बन्ने तयारी गर्नुभएकी ह्यारिस गत डिसेम्बरमा त्यस प्रतिस्पर्धाबाट बाहिरिनु भएको थियो।

# समाजसेवी गिरीको निधनले जनकपुरमा शोक

जनकपुर, २८ साउन (रासस)।

समाजसेवी कृष्ण गिरीको मृत्युको खवरले जनकपुरमा शोक छाएको छ।

कोरोना सङ्क्रमण देखिएपछि साउन ५ गते विमान चार्टर गरेर उहाँलाई काठमाडौंस्थित मेडिसिटी अस्पतालमा भर्ना गरिएको थियो। उपचारको क्रममा उहाँको ७३ वर्षको उमेरमा गएराति निधन भएको परिवारले जनाएको छ। उहाँको दुई छोरा र एक श्रीमती छन्।

नेपाल परिवार नियोजन सङ्घ धनुषाको संस्थापक अध्यक्ष हुनुका साथै लगातार २५ वर्षसम्म अध्यक्ष भएर सफलतापूर्वक भूमिका निर्वाह गर्नुभएका गिरी सो संस्थाको केन्द्रीय उपाध्यक्षमा समेत भइसक्नुभएको छ। विसं २०४४ देखि २०४६ सम्म जनकपुर नगरपालिकाका मेयर रहनुभएका उहाँ नेपालमा पुनः प्रजातन्त्र स्थापना भएपछि नेपाली काँग्रेस पार्टीमा प्रवेश गर्नुभयो।

नेपाली काँग्रेस धनुषाको महासमिति सदस्य रहनुभएका गिरी जनकपुरस्थित रामा होटलका सञ्चालक हुनुहुन्छ। जनकपुरका साथै धनुषा जिल्ला समाजसेवाको क्षेत्रमा उहाँको महत्वपूर्ण योगदान रहेको छ। उहाँको निधनले जनकपुरलाई धेरै क्षति भएको उल्लेख गर्दै रामयुवा कमिटि जनकपुरका पूर्वअध्यक्ष प्रमोद चौंधरीले कृष्ण गिरी निष्ठावान, इमान्दार एवम् स्वच्छ छविका समाजसेवी हुनुहुन्थ्यो।

# पत्रकारका परिवारमाथी आक्रमण गर्नेलाई कारवाहीको माँग

**दैनिक समाचारदाता**
**राजविराज, २८ साउन।**

नेपाल फोटो पत्रकार महासंघ प्रदेश २ का सहसचिव परिष कर्णले फोटो खिचेकै आरोपमा सोमबार साँझ उनको निवासमा गई एक उच्श्रृंखल समूहले परिवारजनमाथी हातपात गरेको घटनाप्रति फोटो पत्रकार महासंघ सप्तरी, प्रदेश २ शाखा र नेपाल प्रेस युनियन सप्तरीको गम्भिर ध्यानाकर्षण भएको छ।

फोटो पत्रकार महासंघ शाखा सप्तरीका अध्यक्ष मनोज कुमार मार्झीद्वारा मंगलबार जारि विज्ञप्तिमा पत्रकारिता पेशाको निरन्तरताका क्रममा कानुन विपरीतका काम कारवाहीका फोटो खिच्न पाउनु पनि अभिव्यक्ति स्वतन्त्रता अन्तरगत नै पर्ने भएपनि फोटो खिचेकै आरोपमा पत्रकारको घरमा गई आक्रमण गर्नु अभिव्यक्ति स्वतन्त्रतामाथी कै प्रहार हो भन्ने निष्कर्ष रहेको उल्लेख छ।

साथै विज्ञप्तिमा उक्त घटनाका दोषिलाई पत्ता लगाएर कारवाही चलाउन तथा पत्रकारको सुरक्षाप्रति गम्भिर हुन स्थानिय प्रशासनसँग जोडदार माँग गरिएको छ।

यस्तै नेपाल फोटो पत्रकार महासंघ प्रदेश २ का अध्यक्ष पंकज श्रेष्ठद्वारा मंगलबारै जारि विज्ञप्तिमा फोटो खिचेकै कारण पत्रकारसहित परिवारमाथी आक्रमण भएको घटना प्रेसस्वतन्त्रता बिरोधी रहेको ठहर गर्दै उक्त कार्यमा संलग्न व्यक्तिलाई तत्काल कानुनी कारवाहीको दायरामा ल्याउन स्थानिय प्रशासनसँग माँग गरिएको छ।

यसैगरि नेपाल प्रेस युनियन शाखा सप्तरीका सचिव शैलेन्द्र सिंहले एक विज्ञप्ति जारि गर्दै कुटपिटमा संलग्न भएकाहरुमाथि कारबाही र पत्रकार कर्णसहित उनका परिवारजनको सुरक्षाको ब्यवस्था मिलाउन स्थानीय प्रहरी प्रशासनसमक्ष आग्रह गरिएको छ।

## *पिकअप र ...*

अस्पतालमा उपचारका लागि भर्ना गरिएको थियो।

उपचारकै क्रममा ४५ वर्षिय कासिम अन्सारी र उनका नातिनि ३ वर्षिया फरना खातुनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। घाइते भएका ४० वर्षिया रोशना खातुन र २५ वर्षिया समसुन खातुनको सोही अस्पतालमा उपचार भइरहेको छ। यता पिकअप र मोटरसाईकललाई प्रहरीको नियन्त्रणमा लिई थप अनुसन्धान गरिहेको जनाएको छ।


# सूचना

**नोभल कोरोना भाईरस (कोभिड१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता - **हरेराम यादव**
**अध्यक्ष**
**रूपनी गाउँपालिका, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*